# सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
# चौथो वार्षिक साधारण सभाको
# काम कारवाहीको विवरण
# (माइन्यूट)

## १. वैधानिक सभा

कम्पनी ऐन २०६३ र बैंकको नियमावलीमा बैंकको वार्षिक साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षले गर्ने व्यावस्था रहेकोमा संचालक समितिका अध्यक्ष श्री कुलचन्द्र गौतम संयुक्त राष्ट्र संघको महासभामा भाग लिन नेपाल सरकारको प्रतिनिधी मण्डलमा सम्मीलीत हुनु भई हाल संयुक्त राज्य अमेरिकामा रहनु भएको हुँदा उहाँ बैंकको चौंथो वार्षिक साधारण सभामा अनुपस्थित रहनु भएकोले संचालक समितिको मिति २०६७।६।७ को निर्णयानुसार संचालक समितिका सदस्य श्री भोला विक्रम थापाज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल तथा देहाय बमोजिम निर्णय भयो ।

## २. सभाको मिति, स्थान र समय

मिति : २०६७ आश्विन ८ गते, शुक्रवार (२४ सेप्टेम्बर २०१०)
स्थान : नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (स्टाफ कलेज) जावलाखेल
समय : विहान ११.०० बजे प्रारम्भ भई दिउँसो २.०० बजे सम्पन्न भएको

## ३. सभाको सूचना

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम बैंकको चौंथो वार्षिक साधारण सभाको सूचना तथा सभामा छलफल हुने विषयहरु सम्बन्धी सम्पूर्ण प्रस्तावहरु सबै शेयरधनीहरुको व्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति २०६७।५।२० को नागरिक दैनिक र २०६७।५।२४ को कान्तिपुर दैनिकमा सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयको सूचना पनि शेयरधनी महानुभावहरुमा जानकारीको लागि प्रकाशित गरिएको थियो ।

## ४. छलफलको विषयहरु

**क. साधारण प्रस्तावहरु**

१. अध्यक्षज्यूको मन्तव्य तथा संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदनसहित २०६७ आषाढ मसान्तको वासलात र मिति २०६६/०४/०१ देखि २०६७/०३/३२ सम्मको नाफा नोक्सानीको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु स्वीकृत गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.ब. २०६७/६८ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिबाट प्रस्ताव गरे अनुसार १२.६३ प्रतिशत लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

**ख. बैंकको प्रवन्धपत्र तथा नियमावलीमा थप एवम् संसोधन सम्वन्धि विशेष प्रस्ताव पारित गर्ने ।**

१. बैंकको पूँजीगत संरचनामा परिवर्तन गरि वर्तमान अधिकृत पूँजी रु. २,००,००,००,०००।- (अक्षरेपी दुई अरब) वाट बृद्धि गरी रु. ५,००,००,००,०००। - (अक्षरेपी पाँच अरब) तथा जारी पूँजी रु. २,००,००,००,०००।- (अक्षरेपी दुई अरब) वाट बृद्धि गरी रु. ३,००,००,००,०००। - (अक्षरेपी तीन अरब) पुऱ्याउन स्वीकृति प्रदान गर्ने ।

२. शेयर हक हस्तान्तरण बारे ।

३. संचालक समितिको बैठकमा उपस्थित भए बापत संचालकले पाउने बैठक भत्ता बृद्धि गर्ने बारे ।

४. बैकको प्रवन्ध पत्र तथा नियमाबली संसोधन गर्न अनुमति लिनु पर्ने निकायहरुवाट प्राप्त हुन आउने निर्देशन वमोजिम थप घट लगायत आवश्यक संसोधन गर्न संचालक समितिलाई अख्तियार प्रदान गर्ने ।

**ग प्रधानमन्त्री राहात कोषलाई प्रदान गरिएको रु. १००,००० चन्दा स्वीकृति प्रदान गर्ने ।**

**घ. विविध**

५. उपस्थिति

५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु

| | | |
|---|---|---|
| १. | श्री भोला विक्रम थापा | अध्यक्ष |
| २. | श्री प्रदीपजंग पाण्डे | संचालक |
| ३. | श्री बालकृष्ण प्रसाई | व्यवसायीक संचालक |
| ४. | श्री मनोहर दास मूल | संचालक |
| ५. | श्री प्रकाश चन्द्र मैनाली | संचालक |
| ६. | श्री अनिन राजभण्डारी | संचालक |

५.२ अन्य पदाधिकारीको उपस्थिति

| | | |
|---|---|---|
| १. | श्री राजन सिंह भण्डारी | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री गणेश राज पोखरेल | कम्पनी सचिव |

५.३ शेयरधनीहरुको उपस्थिति

१. स्वयम् उपस्थित हुने शेयरधनीको संख्या : ६४४

२. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयर धनी संख्या : २०

३. जम्मा उपस्थित संख्या : ६६४

### ६. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

| विवरण | कूल संख्या | जम्मा उपस्थिति | कूल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या | ६४,२४९ | ६६४ | ५५.५६४६प्रतिशत |
| समूह “क” अर्न्तगत उप-समूह १,२,३,४,५ | ७० | ५६ | ५४.५७५ प्रतिशत |
| सर्वसाधारण समूह “ख” समूह | ६४,१७९ | ६०८ | ०.९८९६ प्रतिशत |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | १,००,००,००० | ५५५६४६० | ५५.५६४६ प्रतिशत |

### ७. सभाको वैधानिकता र सभाको सभापतित्व

७.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम यस सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको चौंथो वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या ६६४ भएको र कुल शेयरको ५५.५६४६ प्रतिशत प्रतिनिधित्व भएको हुंदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

७.२ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व गर्न सञ्चालक समितिका अध्यक्षज्यू काम विशेषले सभामा अनुपस्थित रहनु भएकोले संचालक समितिको ७३ औं बैठकले संचालक मध्ये संचालक सदस्य श्री भोला विक्रम थापाज्यूले गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउंदै विहान ११:०० बजे संचालक श्री भोला विक्रम थापाज्यूको सभापतित्वमा बैंकको चौंथो वार्षिक साधारण सभा शुरु गर्न अनुरोध गर्नुभयो ।

७.३ सभाका सभापतिले सभा सञ्चालन गर्नु पूर्व उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्नुभयो र उपस्थित सञ्चालकहरुको परिचय दिनु भई सभाको कार्य अगाडि बढाउनु भयो ।

## ८. वार्षिक साधारण सभाको प्रस्तुती :

१. सभाका अध्यक्षज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आ.व.२०६६।६७ को सञ्चालक समितिको प्रतिवेदन अध्यक्षज्यूले सभामा पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नु भयो ।

२. तत्पश्चात् अध्यक्षज्यूले सभा समक्ष लेखा परीक्षकको प्रतिवेदन सहितको २०६७ आषाढ मसान्तको रु. १६,५१६,८८४,९४९ को दायित्व तथा जायजेथा भएको वासलात र रु. १,५०८,२५९,५२० आम्दानी, रु. १,३१४,६९७,७२२(आयकर तथा कर्मचारी बोनस समेत) खर्च भएको आ.व. २०६६।६७ को नाफा नोक्सान हिसाब तथा साधारण जगेडा कोष वापत रु. ३८,७१२,३६० र सटही घटबढ कोष वापत रु. ११७,४७४ छुट्याई बांकी रहेको संचित मुनाफा तथा गत वर्षको संचित मुनाफा समेतबाट रु. १२६,३१५,७८९ लाभांस वितरण गरि बांकी रहेको संचित मुनाफा रु. २७,१०८,२३३ वासलातमा सारिएको तथा अन्तिम नगद मौज्दात रु. २,४४५,६१७,७९५ भएको नगद प्रवाह विवरण सहितको वासलात, नाफा नोक्सान हिसाब समेत छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

## ९. छलफलको लागि आह्वाान र सहभागी शेयरधनी महानुभावहरु

९.१ बैंकको आ.व. २०६६।६७ को प्रतिवेदन, २०६७ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०६६।६७ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात् देहायका शेयरधनीहरुले छलफलको क्रममा प्रत्यक्ष रुपले सहभागी हुंदै देहाय अनुसार जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

### ९.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम

१. अमृत नाथ रेग्मी
२. नसिंङ लाल चकु
३. व्यास कुमार शर्मा
४. महेन्द्र बहादुर श्रेष्ठ
५. राम मान श्रेष्ठ
६. रोज कुमार श्रेष्ठ
७. इश्वर दास कर्माचार्य
८. अशोक उप्रेती
९. कृष्ण काश्यप अधिकारी
१०. दिनेश राज पन्त
११. मेजर कुबेर श्रेष्ठ
१२. दामोदर रेग्मी
१३. सुधीर श्रेष्ठ
१४. इन्द्र कृष्ण श्रेष्ठ
१५. राम गोपाल महर्जन

## १०. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले सामूहिक रुपमा व्यक्त गर्नुभएका सराहना, जिज्ञासा, सुझाव तथा मन्तव्य

आ-आफ्नो मन्तव्य प्रकट गर्ने क्रममा अधिकांश शेयरधनीहरुले साधारण सभामा सर्वप्रथम बैंकका अध्यक्ष तथा संचालक र व्यवस्थापनलाई धन्यवाद दिनु भयो र बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो । बैंकको संचालक समितिद्धारा प्रस्तुत गरिएको वार्षिक प्रतिवेदन माथि टिप्पणी गर्दै बैकवाट भए गरिएको कार्यहरुको मूल्याङकन गरि राम्रा कामको सरहाना तथा देखिएका कमी कमजोरीहरु औल्याउनु भयो । बैकको हितका लागि आफ्नो तर्फवाट सुझाबहरु प्रस्तुत गर्नु भयो । बैंकसंग संलग्न सवै पक्षलाई धन्यवाद दिनु भयो । साथै बैंकिङ्ग व्यवसायको नयाँ क्षेत्र पहिचान गरि उक्त क्षेत्रमा सेवा विस्तार गरि वित्तीय व्यवसायलाई अझ अगाडी वढाउदै लैजानु पर्दछ भन्ने कुरामा जोड दिनु भयो ।

## ११. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण

छलफलको क्रममा शेयरधनी वक्ताहरुले व्यक्त गर्नुभएको **मन्तव्यलाई** तल प्रस्तुत गरिएकोछ ।

**१. अमृत नाथ रेग्मी**

बर्षकै AGM गर्ने दोश्रो बैंक बन्न सकेकोमा खुसी लागेको छ । अन्य अरु १० देखि ३२ करोड मुनाफा गर्ने बैकहरु संग तुलना गरि आगामी दिन अझ प्रगतीको वाटोमा अगाडि वढ्न प्रयत्न गरौं । लगानी गर्दा संस्थागत सामाजिक उत्तरदायित्वलाई मात्र ध्यान नदिई प्रतिफललाई पनि ध्यान दिने गरौं । अन्य आम्दानीलाई र Off Balance Sheet Item मा विचार पुऱ्याउनु पऱ्यो । Market capitalization वढ्नु पऱ्यो । Foreign Exchange Deposit मा aggressive हुनु पऱ्यो । Staff Expenses / Overhead Expenses कति गर्ने हो सो को मान्यता स्पष्ट हुनु पऱ्यो । व्याज दिनु नपर्ने खाताहरुलाई विशेष ध्यान दिई अझ वढाउदै लैजानु पऱ्यो । खराव कर्जा कम प्रवाह गर्नेमा हामी अन्य सम्पूर्ण बैंकहरु मध्ये ७ औं स्थान मा छौं । Outstanding Interst अलि वढि देखिन्छ यसलाई कम गर्न अति वढि ध्यान दिउँ । विदेशी मुद्रा परिचालन गरि आम्दानी वढाउन पहल गनुनुपर्ने देखिन्छ । बैंकको पूँजीगत संरचना के कस्तो हुने हो सो सम्वन्धमा संचालक समितिले छिटै निर्णय गरि कार्यगत रुप दिनु पऱ्यो । नाफा पूँजीकरण हरेक ५/५ वर्षमा गर्नु पऱ्यो । बैंकको वार्षिक उत्सवमा सर्वसाधारण शेयरधनीहरुलाई पनि निमन्त्रण गरि भरसक धेरै शेयरधनीहरुको सहभागीता वदाउनु पऱ्यो । बैंकको लोगो परिर्वतन गरि राती सपनामा समेत आउने वनाउन पहल गरौं ।

**१. नसिंङ लाल चकु**

बैंकले प्रगती गरेको देखिन्छ । वार्षिक साधारण सभा छिटो गरेको साथै लाभांस १२.६३ प्रतिशत वितरण गरेकोमा धन्यवाद् दिन चाहन्छु । निक्षेप संकलन भए अनुसार सुरक्षित कर्जा प्रवाहमा पनि ध्यान दिनु जरुरी छ । पूँजी पर्याप्ततामा गत आ.ब.मा भन्दा यस आ.ब. मा केहि कम देखिएकोले यसतर्फ पनि विचार पूऱ्याउनु पर्ने देखिन्छ । शाखा विस्तार गरेको राम्रो पक्ष हो तर शाखा विस्तारवाट के कति फाईदा र मुनाफा आर्जन गर्न सफल भईन्छ सो को मुल्याङकन गर्नु पर्ने देखिन्छ । व्यापार विस्तारिकरण राम्रो देखिन्छ । लगानी र निक्षेप सम्वन्धि भावी योजनाको जानकारी गराउनु पऱ्यो । कर्मचारीको दक्षता अभिवृद्धि गर्न तालिममा विशेष जोड दिनुपर्ने देखिन्छ । साथै दक्ष जनशक्तिको अभाव परिपूर्ति गर्न बैंकको तर्फवाट के कस्तो प्रयास भएको छ अन्यत्र जाने क्रमलाई न्युनीकरण गर्न कर्मचारीको सेवा सुविधामा विशेष ध्यान दिनु पऱ्यो । कृषि तथा अन्य उत्पादनशिल क्षेत्रमा कर्जा प्रवाह वृद्धि गनुपर्ने देखिन्छ । कर्जा संरक्षण सम्वन्धि निती ल्याउनु पर्ने देखिन्छ । बैंकको खराव कर्जाको अवस्था के कस्तो छ सो को जानकारी दिनु होला । विविध खर्च गत सालको भन्दा वढि देखिन्छ यस सम्वन्धमा के कति कारणले वढ्न गएको हो प्रष्ट पारिदिनु होला ।

**३. व्यास कुमार शर्मा**
बैंकले आ.ब. ०६६/६७ मा ठुलो फड्को मारेको छ । बैंकले यस वर्ष पनि १२.६३ प्रतिशत लाभांश प्रदान गर्न लागेकोमा धन्यवाद दिन चाहन्छु । बैंकको सन्तुलनात्मक वृद्धि भएको छ । व्यवसाय, निक्षेप तथा लगानी, बृद्धि हुनुका साथै बैंकको वासलातको आकार र खुद मुनाफामा बृद्धि भएकोमा खुसी लागेको छ । बैंकले ३० वटा शाखा विस्तार गर्न लागेकोमा विशेष धन्यवाद दिन चाहन्छु । सूचना प्रविधिमा बैंकले छोटो समयमा पनि धेरै उपलब्धी हासिल गरेकोछ । संस्थागत सामाजिक उत्तरदायित्वमा पनि राम्रो थालनी गरेको छ । बैंकले आफ्नो आन्तरिक स्रोतसाधान परिचालन राम्रोसंग गनुका साथै पारदर्शिताका साथ प्रस्तुत गरेको पाईन्छ । वित्तिय सूचाङ्कहरु पनि राम्रो देखिन्छ । शेयरधनीहरु प्रति सकारात्मक सोच राख्नु भएकोमा कम्पनी सचिवज्यू लाई हार्दिक धन्यवाद दिन चाहन्छु । संचालन खर्च घटाएर मुनाफा वढाउनु पर्ने देखिन्छ । आगामी दिनहरुमा नयाँ नयाँ सेवा सुविधा विस्तार गर्नु पर्ने र ठूला ठूला परियोजनाहरुमा हाइड्रोपावर, अस्पताल, लाईफ इन्स्योरेन्स आदीमा लगानी वढाउनु पर्ने देखिन्छ ।

**४. महेन्द्र बहादुर श्रेष्ठ**
वार्षिक साधारण सभा छिटो गरेको साथै लाभांस १२.६३ प्रतिशत वितरण गरेकोमा धन्यवाद् दिन चाहन्छु यसलाई निरन्तरता दिईयोस । वार्षिक प्रतिवेदन तयार गर्दा बैकिङ मान्यता सम्वन्धि अन्तराष्ट्रिय गतिविधिहरु तथा सूचना पनि उल्लेख गरेमा अझ राम्रो हुने थियो । बैंकका शाखाहरुको अवस्था नाफा घाटा के छ सो को जानकरी दिईयोस् । ग्रामीण क्षेत्रमा पनि शाखाहरु विस्तार गरियोस् । शेयरधनीहरुलाई पनि न्यूनतम रु. ५००।- को वदलामा शून्य मौजदात खाता संचालन सुविधा प्रदान गरियोस् । रियल स्टेट कर्जाको अवस्था के कस्तो छ जानकारी गराईयोस् । औद्योगीक क्षेत्रमा पनि केहि प्रतिशत लगानी गर्ने निती निर्धारण गरियोस् । पहिलो दश नम्वरमा आउनका लागी रणनिती तयार गरियोस् ।

**५. राम मान श्रेष्ठ**
बैंकले यस वर्ष पनि १२.६३ प्रतिशत लाभांश प्रदान गर्न लागेकोमा धन्यवाद दिन चाहन्छु । साधारण सभामा आउने शेयरधनीहरुको लागि हाजिरी गर्ने कार्य साधारण सभा नसकिन्जेलसम्म  बन्द गर्न भएन । शाखा विस्तारवाट के कति फाईदा र मुनाफा आर्जन भएकोछ सो को तुलनात्मक अध्ययन गरि अन्यत्र शाखा विस्तार गर्ने कार्यमा समेत ध्यान दिईयोस् । लेखापरीक्षण समितिको अध्यक्ष नभई संयोजक भनि उल्लेख गरियोस् । बैंकको लेखापरिक्षण गर्न अन्य लेखापरीक्षकहरुको नाम पनि सिफारिस गरियोस् । खराव कर्जा कम गर्न पहल गरियोस् । प्रमुख सूचाङ्कहरुमा नेपाली मिति उल्लेख गरिदिए राम्रो हुने थियो ।

**६. रोज कुमार श्रेष्ठ**
बैकले यस आ. व. मा १०२ प्रतिशत खुद मुनाफा गर्न सफल भएको छ । कर्मचारीहरुको स्वास्थ उपचारमा खर्च नभएको हुँदा आगामी दिनमा पनि स्वास्थ उपचारमा कम खर्च गरियोस् । Internal Audit पनि चुस्त पाईयो । एक लाख रुपैयाँ प्रधानमन्त्री राहत कोषलाई चन्दा दिईएको स्वीकृतिका लागी पेश गरिएकोछ भने National kidney Center लाई गरिएको सहयोग गरिएको रकम किन अनुमोदनका लागी पेश गरिएन । वार्षिक प्रतिवेदनमा भएको Print Mistakes लाई आगामी वर्षहरुमा ध्यान दिईयोस । Book Networth प्रतिशेयर हुनुपऱ्यो । शाखा विस्तार गर्दा अरु बैंकसंग प्रतिस्पर्दा नगरि पूर्व अध्ययन गरि शाखा विस्तार गर्ने कार्य गरियोस ।

**७. इश्वर दास कर्माचार्य**
काठमाण्डौमा साधारण सभा गर्ने धेरै स्थान हुँदा हुँदै पनि किन यति टाढा सभा गरिएको हो । वासलात समयमा नपुगेकोमा पुनः गुनासो छ आगामी वर्षहरुमा सुधार गरियोस । Long term business मा लगानी गरियोस । गतसालको भन्दा प्रगती राम्रो छ । Cost of fund मा संचालक समिति सचेत हुनु पर्दछ अन्यथा यसले समस्याहरु श्रृजना गर्न सक्दछ तसर्थ यसमा ध्यान दिईयोस । व्याज आम्दानी २०० प्रतिशतले बृद्धि हुनु पऱ्यो ।

**८. अशोक उप्रेती**

वासलात समयमा प्राप्त नभएकोले यस सम्वन्धमा कुनै टिकाटिप्पणी गर्न पाईएन तसर्थ यस सम्वन्धमा कुनै कुरै नउठाउने र समयमा वासलात उपलब्ध नगराएकोमा खेद प्रकट गर्नु भयो । साथै वार्षिक साधारण सभा किन यति टाढा गरियो ।

**९. कृष्ण कश्यप अधिकारी**

बैंकले १२.६३ प्रतिशत लाभांस दिएकोमा धन्यवाद दिन्छु । गत साल भन्दा १०२ प्रतिशत मुनाफा आर्जन गरेको छ यो राम्रो पक्ष हो । आगामी दिनहरुमा भौचर भर्दा कार्वन राख्न नपर्ने किसिमका भौचरहरुको व्यवस्था गरियोस । वार्षिक प्रतिवेदनमा Technical mistakes भएका छन् तसर्थ लेखन शुद्धतामा ध्यान दिईयोस । यस बैंकलाई अन्तराष्ट्रिय स्तरको वनाउन आवश्यक पहल गरिए देखि राम्रो हुने थियो । २६ वटा शाखा विस्तार गरिएको राम्रो कुरा हो । Visa र Debit Card सेवा शुरु गर्न लागिएको राम्रो पक्ष हो । बैंकमा कार्यरत महिलाहरुको संख्या २६ प्रतिशत रहेकोलाई सकारात्मक रुपमा लिनु पर्दछ । पत्रपत्रिकामा विज्ञापन अझ वढाउनु पर्‍यो ।

**१०. दिनेश राज पन्त**

बैंकले यस वर्ष पनि १२.६३ प्रतिशत लाभांस दिएकोमा धन्यवाद दिन चाहन्छु । आगामी वर्षहरुमा अझै बृद्धि गर्दै लगौं । लेखा परिक्षण समितिका सदस्यहरुलाई मात्र भत्ता दिईएको रहेछ तर कर्मचारीलाई सदस्य सचिव राखिएको हुँदा कर्मचारीलाई पनि भत्ता दिने व्यवस्था गरियोस । धेरै साधारण शेयरधनीहरु बार्षिक साधारण सभामा उपस्थित हुनु भनेको बैंक प्रतिको विश्वास वढेको स्पष्ट हुन्छ ।

**११. मेजर कुबेर श्रेष्ठ**

बर्षिक साधारण सभा गरेको स्थान उचित भएन । बैंकले यस वर्ष पनि १२.६३ प्रतिशत लाभांस दिएकोमा धन्यवाद । बैंकको Team work is very good . बैंकले बृद्धि गर्न लागेको जारी तथा चुक्ता पुँजीलाई आगामी वर्षमा वोनस शेयरका रुपमा विस्तार गरियोस । Net profit १९ करोड कमाउन सकेकोमा धन्यवाद दिन चाहन्छु । बैंकमा कार्यरत महिलाहरुको संख्या ५० प्रतिशत पुऱ्याईयोस । बैंकमा complains cell छ कि छैन यदि छैन भने त्यस्तो Cell खडा गरियोस । प्रस्तावित लघु वित्तीय संस्था कार्यक्रममा बैंकको तर्फवाट के कति लगानी गर्ने हो र यसवाट बैंकलाई के फाईदा हुन्छ । ५ वर्षे तथा १० वर्षे दिर्घकालिन Vision तयार गरियोस । अर्को वर्षको वार्षिक प्रतिवेदन र वार्षिक साधारण सभामा यसपाली उठेका Question हरुलाई Address गरियोस । शाखा विस्तार गर्ने कार्यमा रामेछापको मन्थलीमा पनि शाखा कार्यालय स्थापना गरियोस् । संस्थागत सामाजिक दायित्व अर्न्तगत देशका विभिन्न स्थानमा स्वास्थ्य शिविरहरु संचालन गर्ने, बैंकका कर्मचारी तथा शेयरधनीहरुका छोरा छोरी मध्ये जेहेनदार विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने व्यवस्था गरियोस । यस बैंकका शेयरधनीहरुलाई निक्षेपमा १ प्रतिशत वढि र कर्जा प्रवाह गर्दा कम्तीमा १ वा ०.५ प्रतिशत भने पनि कम गर्ने योजना संचालन गरिदिए राम्रो हुने थियो । अमेरिकाका मान्छेहरुले नेपालमा लगानी वढाउने, उद्योग स्थापना गर्ने कार्यका निम्ती रकम ल्याउदा त्यस्तो रकम ल्याउने कार्य हाम्रो बैंक मार्फत गर्न पहल गरियोस् । विभिन्न स्थानवाट नेपाललाई प्राप्त हुने अन्तराष्ट्रिय मुद्राको Transaction हाम्रो बैंकवाट गर्ने व्यवस्था मिलाए देखि अझ राम्रो हुने थियो । बैंकिङ कारोवारमा धेरै भन्दा धेरै जनसहभागीता वढाउने किसिमका कार्यक्रमहरु संचालन गर्नु पर्‍यो । व्याज दिनु नपर्ने खाताहरुलाई विशेष ध्यान दिई अझ वढाउदै लैजानु पर्‍यो । वार्षिक प्रतिवेदन तयार गर्दा आफ्नो देशको अर्थतन्त्र र अन्तराष्ट्रिय अर्थतन्त्रको तुलनात्मक विश्लेषण गरि के कति कारणले हामी पछाडि परेका छौं सो सम्बन्धि कारणहरु खुलासा गरिदिनु पर्‍यो । खराव कर्जा सम्वन्धि व्यवस्था न्यूनीकरण गर्नु पर्‍यो ।शेयरधनीहरुलाई वर्षको कम्तीमा २ पटक वोलाई अन्तरक्रिया कार्यक्रम संचालन गर्नु पर्‍यो । बैकले प्रदान गर्ने रोजगारीमा भरसक शेयरधनीहरुका छोरा छोरीलाई प्राथमिकता दिईयोस ।

**१२. दामोदर रेग्मी**

बैंकको प्रगती राम्रो छ । संस्थागत रुपमा अगाडि वढेको हुँदा Goodwill वढाउने तर्फ बैंक अगाडि वढेको छ । Deposit वढी ल्याउन सफल भएको छ । Professional Management is very well. आगामी दिनहरुमा वोनस शेयरमा विस्तार गरि पूँजी बृद्धि गर्न पहल गरियोस । बैकले प्रदान गरेको ऋण कर्जा प्रवाह मध्ये कुनै कुनै कर्जा

प्रवाह शंकाश्पद देखिन आएकोले यस तर्फ पनि सचेत रहनुपर्ने देखिन्छ । प्रमुख कार्यकारि अधिकृतलाई बैंकले प्रदान गरेको तलव भत्ता जायज छ । बैंकले प्रदान गरेको लाभांस अलि कम भयो ।

**१३. सुधीर श्रेष्ठ**
बार्षिक प्रतिवेदनमा Graphic chart use भएको छैन यसको use गरियोस । IT र नयाँ नयाँ प्रविधीहरु बैंकमा ल्याउन तथा प्रयोग गर्न पहल गरियोस । Alternate Source of Energy Like Solar, Bio-Gas जस्ता क्षेत्रमा लगानी कम भएको देखियो यस्ता क्षेत्रमा पनि लगानी गरेमा राम्रै हुनेछ । देशका ग्रामिण क्षेत्रहरुमा पनि शाखा विस्तार गरियोस । देशका विभिन्न पर्यटक तथा औधोगीक क्षेत्रहरुमा समय समयमा हुने पर्यटकीय मेला, समारोह, प्रर्दशनीहरुमा बैंकको तर्फवाट पनि प्रतिनिधित्व गराउने र अस्थायी किसिमका मौषमी शाखा संचालन गर्न सकियो भने अझ वढि भन्दा वढि फाईदा लिन सकिने थियो । प्रचलित कानूनको अधिनमा रहि ग्रमिण क्षेत्रमा रहेका विभिन्न समूहहरुलाई शाखा कार्यालयको समान अधिकार दिन सकिन्छ भने त्यस तर्फ पहल गरियोस । Micro Finance मा जान पहल गरेमा अझै राम्रो हुने थियो । त्यस्तै गरि बैंकको Color Branding मा पनि change गर्ने तर्फ विचार पुऱ्याए राम्रो हुन्थ्यो । रेमिटेन्स सेवा अझ प्रभावकारी वनाउनु पऱ्यो । Capital Adequacy Ratio वढाउन पहल गरियोस ।

**१४. इन्द्र कृष्ण श्रेष्ठ**
बैंकको बार्षिक साधारण सभा ललितपुरमा गर्नुको मुख्य समस्या के हो ? बैंकको तर्फवाट खराव कर्जा घटाउन के कस्तो पहल भएको छ । बैंकको तर्फवाट गत वर्षमा प्रदान गरिएको लाभांस रकम लिन वाँकी रहेका शेयरधनीहरुको नाम आगामी वार्षिक प्रतिवेदनमा उल्लेख गर्ने व्यवस्था मिलाउन अनुरोध गर्दछु । साथै वार्षिक प्रतिवेदनमा जेन्डर प्रतिशत समेत खुलाई दिए राम्रो हुने थियो ।

**१५. राम गोपाल महर्जन**
बैंकले छिटै वार्षिक साधारण सभा गर्न र १२.६३ प्रतिशत लाभांस वाड्न सफल भएकोमा धन्यवाद दिन चाहन्छु । पाटन शाखावाट राम्रो सुविधा प्रदान गरिएको पाएकोछु । बैंकले आफ्नो शाखा विस्तार गर्दा सुरक्षा र पार्किङको पनि उचित व्यवस्थालाई समेत ध्यान दिईयोस । बैकको तर्फवाट संचालन गर्ने लघु वित्तीय कार्यक्रम छिटो संचालन गरियोस । शेयरधनीहरुको वचत खातामा न्यूनतम रकम शुन्य वा रु. १००।- सम्म मात्र गरिदिए धेरै राम्रो हुने थियो । दक्ष जनशक्ति तयार गर्न कर्मचारीहरुलाई तालिम तथा सुविधाको उचित व्यवस्था गरियोस । बैंकको तर्फवाट गरिने भ्रमण खर्च र विज्ञापन खर्च वढि नगरी सकेसम्म कम गर्ने तर्फ लागौं । संन्तुलनात्मक लाभांस बृद्धि गर्नु पऱ्यो ।

## १२. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञांशा एवं प्रश्नहरुको जवाफ

बैंकका अध्यक्षज्यूले बैंक Public मा गए पछिको यो दोश्रो बार्षिक साधारण सभा भएको व्यहोरा जानकारी गराउँदै बार्षिक प्रतिवेदनमा भएमा त्रुटिहरु देखाउनुभएकोमा शेयरधनीहरुलाई धन्यवाद दिदै सुझावहरु स्वीकार्य भएको र उक्त सुझावहरु लाई मध्यनजर गर्दै आगामी वर्षमा यस्ता गल्तीहरु नदोहोरीने प्रतिबद्धता जाहेर गर्नुभयो । साथै अध्यक्षज्यूले आश्विन १० गते बाटै लाभांश वितरण गरिने पनि जानकारी गराउनु भयो । वहाँले आगामी बर्षहरुमा अझै राम्रो Performance गर्दै लाभांश consistent हुने कुरामा शेयरधनीहरुलाई विश्वस्त हुन आग्रह गर्नुभयो । साथै बैंकको आगामी रणनीतिको बारेमा आगामी दिनहरुमा फेरी शेयरधनी महानुभावहरुसंग छलफल गरिने व्यहोरा जानकारी गराउनुभयो ।

वक्ताहरुको प्रश्नको जवाफ दिने क्रममा खर्च घटाउने, आम्दानी बढाउने तथा बैंकको मुनाफा बृद्धि गर्नुपर्ने जस्ता सुझावहरुलाई मनन गर्ने बताउनु भयो । बैंकको पूँजी बृद्धि गरेपश्चात आगामी वर्षहरुमा Bonus Share जारी गर्ने तर्फ विशेष ध्यान दिईने छ ।

बैंकको जारी पूँजी वृद्धि गरि रुं ३ अरव कायम गर्ने विशेष प्रस्तावका सम्वन्धमा शेयरधनी महानुभावहरुवाट उठेको जिज्ञासाको प्रत्युउत्तरमा अध्यक्षज्यूले बैंकले आगामी वर्षहरुमा वोनश शेयर जारी गर्ने प्रयोजनको लागी मात्र जारी पूँजी बृद्धि गर्न प्रस्ताव गरिएको हो भनी स्पष्ट पार्नु भयो । तर यस सम्वन्धमा नियमनकारी निकायवाट बैंकको जारी पूँजी र चुक्ता पूँजी समान हुनु पर्छ भनी जारी पूँजी बृद्धि सम्वन्धि शंसोधन उपर स्वीकृत प्राप्त नभएमा वोनश शेयर जारी गर्ने आगामी वर्षको साधारण सभामा जारी पूँजी बृद्धि गर्ने प्रस्ताव पुनः ल्याउने भनी सभालाई जानकारी गराउनु भयो ।

साथै Real State मा प्रवाह गरिएको कर्जाका सम्बन्धमा प्रष्ट पार्दै वहाँले बैंकको कर्जाको गुणस्तर उच्च स्तरका भएकोले शेयरधनी महानुभावहरुलाई निश्चिन्त हुन आग्रह गर्नुभयो । साथै वहाँले उक्त क्षेत्रमा प्रवाह गरिएका तथा कर्जा हरुलाई सञ्चालक समिति तथा कर्जा समितिले नियमित अनुगमन गरिरहेकोले चिन्ता लिनुपर्ने कुनै स्थिति नभएको व्यहोरा जानकारी गराउनु भयो ।

अन्त्यमा, अध्यक्षज्यूले यस बैंक मुलुकको एउटा असल बैंकको रुपमा स्थापित हुने एवं उत्कृष्ट १० भित्र पार्न प्रयास गरिने कुरामा शेयरधनीहरुलाई विश्वस्त पार्न चाहनुभयो ।

## १३. सभाको निर्णय

### (क) छलफलका लागि निर्धारित प्रस्तावहरु तर्फ

**(क) साधारण प्रस्तावहरु**

**१. अध्यक्षज्यूको मन्तव्य तथा संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।**

सभामा प्रस्तुत आ.व. २०६६।६७ को सञ्चालक समितिको प्रतिवेदन सभापतिज्यूले अनुमोदनको लागि सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट अनुमोदन गरि पारित गर्ने निर्णय गर्‍यो ।

**२. लेखापरीक्षकको प्रतिवेदनसहित २०६७ आषाढ मसान्तको वासलात र मिति २०६६/०४/०१ देखि २०६७/०३/३२ सम्मको नाफा नोक्सानीको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु स्वीकृत गर्ने ।**

लेखा परिक्षकको प्रतिवेदन सहितको २०६७ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६६।६७ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण पारित गरियोस् भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गर्ने निर्णय गर्‍यो ।

**३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.ब. २०६७/६८ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिले सिफारीस गरे बमोजिम आ.व. २०६७।६८ को लागि लेखा परीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले लेखापरीक्षण समीतीले

सिफारीस गरे बमोजिम बैंकका लेखा परीक्षकमा श्री एस आर पाण्डे एण्ड कम्पनी, चार्टड एकाउन्टेन्सलाई नियुक्त गर्ने र निजको पारिश्रमिकको हकमा लेखापरीक्षण शुल्क, कर लेखापरीक्षण शुल्क, लङ्गफर्म अडिट रिपोर्ट तयार गरेवापतको शुल्क र कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिम प्रतिवेदन समेत तयार गरे बापत एकमुष्ट रुपमा रु. २,२५,०००।-(अक्षरेपी रु. दुई लाख पच्चिस हजार मात्र) पारिश्रमिक निर्धारण गर्ने निर्णय गऱ्यो ।

४. **संचालक समितिबाट प्रस्ताव गरे अनुसार १२.६३ प्रतिशत लाभांश वितरण गर्न स्वीकृत गर्ने ।**

सभामा प्रस्तुत सञ्चालक समितिवाट १२.६३ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरिएको हुँदा उक्त प्रस्तावलाई स्वीकृत गरियोस भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

(ख) **बैंकको प्रवन्धपत्र तथा नियमावलीमा थप एवम् संसोधन सम्वन्धि विशेष प्रस्ताव पारित गर्ने ।**

१. **बैंकको पूँजीगत संरचनामा परिवर्तन गरि वर्तमान अधिकृत पूँजी रु. २,००,००,००,०००।- (अक्षरेपी दुई अरब) वाट बृद्धि गरी रु. ५,००,००,००,०००। - (अक्षरेपी पाँच अरब) तथा जारी पूँजी रु. २,००,००,००,०००।- (अक्षरेपी दुई अरब) वाट बृद्धि गरी रु. ३,००,००,००,०००। - (अक्षरेपी तीन अरब) पुऱ्याउन स्वीकृति प्रदान गर्ने ।**

यस बैंकको पूँजीको संरचनामा परिवर्तन गरि अधिकृत पूँजी २,००,००,००,०००।- (अक्षरेपी दुई अरब) तथा जारी पूँजी रु. २,००,००,००,०००।- (अक्षरेपी दुई अरब) रहेकोमा उक्त अधिकृत पूँजी बृद्धि गरी रु. ५,००,००,००,०००। - (अक्षरेपी पाँच अरब) तथा जारी पूँजी बृद्धि गरी रु. ३,००,००,००,०००। - (अक्षरेपी तीन अरब) पुऱ्याउने प्रस्तावलाई स्वीकृत गरियोस् भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट सो विशेष प्रस्तावलाई पारित गर्ने निर्णय गऱ्यो ।

५. **<u>बैकको पूँजीको संरचना :</u>**

(क) बैंकको अधिकृत पूंजी रू. ५,००,००,००,०००।- (अक्षरेपी रु. पाँच अरब मात्र) हुनेछ । सो पूंजीलाई रु. १००।- का दरले ५,००,००,००० (पाँच करोड थान ) साधारण शेयरमा विभाजित गरिएको छ ।

(ख) बैंकको जारी पूंजी रू. ३,००,००,००,०००।- (अक्षरेपी रु. तीन अरब मात्र) हुनेछ । सो पूंजी लाइ रु. १००।- का दरले ३,००,००,००० (तीन करोड थान ) साधारण शेयरमा विभाजित गरिएको छ । बैंकले तत्काल जारी गर्ने शेयर पूँजी न्यूनतम रु.३,००,००,००,०००।- (अक्षरेपी रु. तीन अरब) हुनेछ ।

## २. शेयर हक हस्तान्तरण बारे ।

शेयरको हक हस्तान्तरण गर्ने प्रस्तावलाई स्वीकृत गरियोस भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट सो विशेष प्रस्तावलाई पारित गर्ने निर्णय गऱ्यो ।

प्रवन्ध पत्र को दफा ७. शेयर खरीद वा हस्तान्तरण गर्न बन्देज:

(ज) बैंकले हकप्रद शेयर निष्काशन गर्दा साविकका संस्थापक शेयरधनीहरुले खरीद गर्न पाउने हकप्रद शेयरको सम्पूर्ण वा आंशिक हक हस्तान्तरण गर्न चाहेमा चुक्ता पूँजीको दुई प्रतिशत वा सोभन्दा कम शेयर लिएका संस्थापक शेयरधनीको हकमा नेपाल राष्ट्र बैंकले तोकेको शर्तको अधीनमा रही हक हस्तान्तरण गर्न सक्ने र दुई प्रतिशतभन्दा माथि शेयर स्वामित्व भएकाको हकमा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिई हक हस्तान्तरण गर्न सक्ने छ । यसै गरि सर्वसाधारण शेयरधनीहरुले समेत प्रचलित कानूनको अधिनमा रहि आफूले खरिद गर्न पाउने हकप्रद शयेर सम्पूर्ण वा आशिक हकहस्तान्तरण गर्न सक्नेछ ।

## ३. संचालक समितिको बैठकमा उपस्थित भए बापत संचालकले पाउने बैठक भत्ता बृद्धि गर्ने बारे ।

संचालक समितिको बैठकमा उपस्थित भए वापत संचालकले पाउने बैठक भत्ता बृद्धि गर्ने प्रस्तावलाई स्वीकृत गरियोस भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट सो विशेष प्रस्तावलाई पारित गर्ने निर्णय गऱ्यो ।

नियमावलीको नियम २९ को (ख) संग सम्वन्धित

(ख) सचालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्षले पाउने बैठक भत्ता रु. १०,०००।- (रुपैया दश हजार) र संचालकले पाउने बैठक भत्ता रु. ८०००।- (रुपैया आठ हजार) हुनेछ ।

## ४. बैकको प्रवन्ध पत्र तथा नियमाबली संसोधन गर्न अनुमति लिनु पर्ने निकायहरुवाट प्राप्त हुन आउने निर्देशन वमोजिम थप घट लगायत आवश्यक संसोधन गर्न संचालक समितिलाई अख्तियार प्रदान गर्ने ।

बैकको प्रवन्ध पत्र तथा नियमाबली संसोधन गर्न अनुमति लिनु पर्ने निकायहरुवाट प्राप्त हुन आउने निर्देशन वमोजिम थप घट लगायत आवश्यक संसोधन गर्न संचालक समितिलाई अख्तियार प्रदान गर्न सभापतिज्यूले सभा समक्ष विशेष प्रस्ताव पेश गर्नु भएकोमा सभाले संचालक समितिलाई अख्तियार प्रदान गर्ने सर्वसम्मतिबाट विशेष प्रस्ताव पारित गर्ने निर्णय गऱ्यो ।

**ग प्रधानमन्त्री राहात कोषलाई प्रदान गरिएको रु. १००,०००।- (अक्षरेपी एक लाख ) चन्दा स्वीकृति प्रदान गर्ने ।**

प्रधानमन्त्री राहात कोषलाई प्रदान गरिएको रु. १००,०००।- (अक्षरेपी एक लाख) चन्दा स्वीकृति प्रदान गर्न सभापतिज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट स्वीकृति प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने निर्णय गऱ्यो ।

(घ) **विविध**

साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए वमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणीत गर्ने व्यहोरा सभालाई जानकारी गराईयो ।

**१४. धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहांहरुबाट आवश्यक मार्गदर्शन प्राप्त भएकोमा तथा चौथो वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनीहरु तथा सम्बन्धित सबैलाई धन्यवाद ज्ञापन गर्दै सांझ २.०० बजे सभा विसर्जन गर्नुभयो ।

------------ ----------------

**गणेशराज पोखरेल** — कम्पनी सचिव

**भोला विक्रम थापा** — अध्यक्ष